# नेपालगञ्ज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

गाई/भैसी स्रोत केन्द्र कार्यक्रमको प्रस्ताव आहान सम्बन्धी सूचना

<u>प्रथम पटक सुचना प्रकाशन मितिः- २०८२।०९।०३</u>

यस नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त वित्तीय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ बमोजिम देहायका कार्यक्रम साझेदारि गर्न इच्छुक निजी फर्म, उद्यमी,समुह ,सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस कार्यलयमा प्रस्ताव दर्ता गर्नुहुन आहान गरीन्छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारि गराईन्छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रमको नाम | एकाई | परिमाण | अनुदान रकम रु. | कार्यक्रम लागु हुने क्षेत्र | लक्षित वर्ग/समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गाई/भैसी स्रोत केन्द्र कार्यक्रम | पटक | १ | ७५०००।० | नेपालगञ्ज क्षेत्र भित्र | सबै | |

नोटः-यस कार्यक्रममा सहभागी हुन लाभग्राहीले न्यूनतम १० वटा गाई वा भैसी पालेको हुनुपर्ने ।

<u>आवश्यक कागजातहरुः</u>

१.अनुसूची ५ बमोजिमको निवेदन ।
२.अनुसूची ६ बमोजिमको संक्षिप्त कार्ययोजना ।
३.निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४.आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको कागजातको प्रमाणित प्रतिलिपि ।
५.कार्ययोजना अनुरुपको योग्यता,तालिम र अनुभव जनाउने कागजात ।
६.सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि ।
७.संघ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
८.निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेसनको प्रतिलिपि ।
९.लाभग्राही कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि ।
१०.लाभग्राही कार्य समितिका पदाधिकारीहरुको नामावली ।
११.यसै प्रकृतिको कार्यका लागि विगत २(दुई) वर्ष देखि अनुदान नलिएको स्वघोषणा पत्र ।
१२. व्यवसाय सञ्चालन गरेको सुनिश्चतता सहित कार्यक्रममा सहभागिताको लागि सम्बन्धित वडाको सिफारिस पत्र ।
१३.पशुको बिमा लेख नं.को प्रतिलिपि ।
१४. व्यवसाय सञ्चालन भएको जग्गाको लालपुर्जा वा जग्गा भाडामा लिई व्यवसाय सञ्चालन गर्दै आईरहेकोमा ५ वर्षको सम्झौता पत्र ।

निवेदन, संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाइट https://nepalgunjmun.gov.np/ बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि फोन नं.९८४०४९३६४९ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ ।

२०८२।०९।०३
प्रविण कुमार राना
प्रशासकीय अधिकृत



CamScanner